AMNESTY INTERNATIONAL

**AMNESTY INTERNATIONAL** NEPAL SECTION
Amnesty Marga, Basantanagar
P.O. Box 135, Balaju, Kathmandu, Nepal
T: +977 (1) 4364706 Fax: +977 (1) 4354987
E: info@amnestynepal.org W: www.amnestynepal.org

# सार्वजनिक वक्तव्य

२०६९ मंसिर १४

## नेपाल : वैदेशिक रोजगारदाताहरुले आप्रवासी श्रमिकहरुको संरक्षणको विषयलाई प्राथमिकता दिनै पर्छ

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारी सम्बन्धी विद्यमान नियम कानुनहरु कडाइकासाथ कार्यान्वयन गरेको विषयलाई लिएर वैदेशिक रोजगार संघले हालै सार्वजनिक गरेको धारणाप्रति एम्नेस्टी इन्टरनेसनलको ध्यानाकर्षण भएको छ ।

वैदेशिक रोजगार संघका एक जना पदाधिकारीले हालै सञ्चारमाध्यमलाई प्रतिक्रिया दिँदै वैदेशिक रोजगार विभागले श्रम स्वीकृति दिँदा लागू गरेको "कडा नियम" का कारणबाट वैदेशिक रोजगारदाताहरु निरुत्साही भएको बताउनु भएको थियो । पछिल्ला दिनहरुमा धेरैजसो श्रमिकहरु नेपालको कानुनले निषेध गरेको भारतको अवैधानिक बाटो भएर जाने गरेको हुँदा वैदेशिक रोजगारीमा जानेहरुको संख्यामा गिरावट आएको पुष्टि भएको भनी संघका पदाधिकारीहरुले दावी पनि गर्नु भएको छ ।

*"नियम कानुन कार्यान्वयन गरेकै कारण आप्रवासनमा समस्या भएको भन्ने संघको उक्त प्रतिक्रिया नेपालमा सुरक्षित आप्रवासनको प्रवर्द्धनको प्रयास गरिरहेका नागरिक समाज, सरकारी र अन्तरसरकारी निकायका लागि सहयोगी धारणा होइन । रोजगारदाता व्यवसायीहरुको उच्च मुनाफा सुनिश्चित गर्नु भन्दा पनि छिटोछरितो ढंगबाट श्रम स्वीकृतिको प्रक्रिया पूरा गर्ने र आप्रवासी श्रमिकहरुको सुरक्षा सुनिश्चित गर्ने विषयलाई नै नेपाल सरकारको पहिलो प्राथमिकता हुनु पर्दछ"* एम्नेस्टी इन्टरनेसनल नेपालका निर्देशक रामेश्वर नेपालले बताउनु भयो ।

"रोजगारी सम्बन्धी कागजपत्रहरुलाई नेपाली भाषामा अनुवाद गर्ने लगायतका काम गरी श्रम सम्झौतापत्र (करारनामा) मा गरिने जालसाँझी घटाउने उद्देश्यका साथ सरकारले निर्धारण गरेका प्रक्रियाहरुले, (यदि व्यवस्थित तवरले कार्यान्वयन गरिएमा) वैदेशिक रोजगारदाताले व्यापक रुपमा गर्दै आएको जबरजस्ती श्रमका लागि मानव ओसारपसारलाई घटाउनु मद्दत गर्नु पर्दछ" नेपालले भन्नु भयो ।

एम्नेस्टी इन्टरनेसनलको अनुसन्धान प्रतिवेदनले आप्रवासनका लागि अवैनाधिकारिक बाटोको प्रयोगले आप्रवासी श्रमिकहरु शोषणको झन ठूलो जोखिममा रहने गरेको कुरा पुष्टि गरेको छ ।

"आधिकारिक मार्गलाई छल्दै भारतको बाटो भएर वैदेशिक रोजगारीमा गएकै कारणले मात्रै वैदेशिक रोजगारीमा जानेहरुको संख्यामा गिरावट आएको हो यदि भने यो एउटा चिन्ताको विषय हो । यदि यस्तो भएको हो भने त्यस्तो जोखिमबाट आप्रवासी श्रमिकहरुलाई संरक्षण गर्नका लागि नेपाल र भारत सरकार एवं सम्बद्ध सबै निकायसँग हामी अग्रह गर्दछौँ । साथै त्यसरी अनाधिकारिक बाटो हुँदै श्रमिकहरु लैजाने रोजगारदातालाई कारवाही गर्न पनि आग्रह गर्दछौँ" रामेश्वर नेपालले भन्नु भयो ।

**AMNESTY INTERNATIONAL** NEPAL SECTION
Amnesty Marga, Basantanagar
P.O. Box 135, Balaju, Kathmandu, Nepal
T: +977 (1) 4364706 Fax: +977 (1) 4354987
E: info@amnestynepal.org W: www.amnestynepal.org

वैदेशिक रोजगारीमा जाने दशौं लाख नेपाली श्रमिकहरुको संरक्षणका लागि सहयोगी हुने किसिमको सुरक्षित आप्रवासन सम्बन्धी एउटा नीतिमा सहमति जनाउन एम्नेस्टी इन्टरनेसनलले नेपालका सबै राजनीतिक दलहरुलाई आह्वान गरिरहेको छ । वैदेशिक रोजगारी एउटा यस्तो विषय हो जसले पूरै मुलुकलाई प्रभावित पारेको छ र यसका लागि दलगत राजनीतिक विचारधारा भन्दामाथि उठेर लागि पर्न जरुरी छ । कुनै पनि राजनीतिज्ञले यस विषयलाई नकार्ने वा रोजगारदाता कम्पनीले अवमूल्यन गर्ने जस्ता कुरा स्वीकार्य हुन सक्दैन, न त विद्यमान कानुन नमान्ने कुरा नै स्वीकार्य हुन्छ ।

सुरक्षित वैदेशिक रोजगारीका लागि सबै राजनीतिक दलले सहमती जनाउन् भन्दै एम्नेस्टी इन्टरनेसनलले अघि सारेका केही नीतिहरु :

१. कानुनले तोकेको सिमाभन्दा बढी ब्याज लिन निषेध गर्ने कानुन लागू गर्ने ।

२. वैदेशिक रोजगार ऐनलाई शोषण र जबरजस्ती श्रमका लागि हुने बेचविखन विरुद्धको एउटा प्रभावकारी साधनका रुपमा कार्यन्वयन गरिएको सुनिश्चितताका खातिर सो ऐनको उल्लङ्घन गर्ने रोजगार संस्थाहरुलाई दण्डित गर्न र उजुरी तथा क्षतिपूर्ति संयन्त्रमा सहज पहुँच सुनिश्चित गर्ने ।

३. वैदेशिक रोजगारमा जान इच्छुक महिलाहरूले आप्रवासनको प्रक्रियामा विभेदपूर्ण पाबन्दीहरूको सामना गर्न नपर्ने व्यवस्था सुनिश्चित गर्ने ।

४. कल्याणकारी कोषको केही बचत रकम वैदेशिक रोजगारीमा जानेहरुका लागि सस्तो ब्याजदरमा ऋण प्रदान गर्न र फर्की आएकाहरूको सहायताका लागि प्रवाह गर्ने ।

५. मानव बेचविखनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रोटोकोललाई अनुमोदन गर्ने र नेपालको मानव वेचविखन सम्बन्धी ऐनमा श्रम शोषणका लागि हुने मानव ओसारपसार एवं बेचविखनको विषय समेत उल्लेख गर्ने ।

नेपाली आप्रवासी श्रमिकहरुको अधिकार सम्बन्धी एम्नेस्टी इन्टरनेसनलका सामग्रीहरुको वेव लिंक :

1. Full report, *False Promises: Exploitation and forced labour of Nepalese migrant workers*: http://www.amnesty.org/en/library/info/ASA31/007/2011/en
2. Campaign digest, *Out on a Limb*: http://www.amnesty.org/en/library/info/ASA31/008/2011/en
3. Accompanying video clip on youtube: http://www.youtube.com/watch?v=O-EnlaEYJ6A